फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पत्रसङ्ख्या :-

चलानी नं. :-

**कार्यालयको दक्षिणमा रहेको बाल उद्यान, सार्वजनिक शौचालय र चमेना गृह व्यवस्थापन ठेक्का सम्बन्धी विद्युतीय दरभाउपत्र आह्वानको सुचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९।०५।१४)**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) तथा दफा ६२ (२) एवं यस उप महानगरपालिकाको मिति २०७८।१०।२३ गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार कार्यालयको दक्षिणमा रहेको बाल उद्यान, सार्वजनिक शौचालय र चमेना गृह व्यवस्थापन तथा पूर्वाधार शुल्क संकलन प्रयोजनार्थ रितपूर्वक E-Bidding आह्वान गरिएकोछ ।

| क्र.सं | ठेक्का विवरण | ठेक्का नं. | बार्षिक न्यूनतम अंक (भ्याट बाहेक) | ठेक्का दिईने समयावधि | दरभाउपत्रदस्तुर |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक शौचालय | रा.०२/०७९/०८० | ५०००००(अक्षरुपी पाँच लाख मात्र) | ५ वर्षको लागि | १,०००।- |
| २ | चमेना गृह | | | | |
| | बाल उद्यान | | | | |

**शर्त तथा वन्देजहरु :**

१. दरभाउपत्रसूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्ममा दरभाउपत्रवापतको दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको मेघा वैंक नेपाल तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९०४३ जम्मा गरेको बैंक भौचरको Scan Copy पेश गरी www.bolpatra.gov.np/egp बाट वोलपत्र खरीद गर्न सकिने छ ।

२. दरभाउपत्रसाथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नवीकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस उप महानगरपालिकाको तुलसीपुर, दाङ स्थित मेघा वैंक नेपाल तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९१७८ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. विद्युतीय दरभाउपत्रपेश गर्ने म्याद समाप्त भए पश्चात दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयलाई दरभाउपत्रखोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्रखोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

४. बोलपत्रमा कवोल गरेको अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन ।

५. दरभाउपत्र स्वीकृत भइ संझौताको लागि सूचना पाएको मितिले ७ दिन भित्र कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर संझौताका बखत पेश गर्नु पर्नेछ । त्यस्तो धरौटी प्रत्येक बर्षका लागि निर्धारण हुने ठेक्का रकमको लागि जति अपुग हुन्छ सो बरावरको रकम धरौटी खातामा थप गर्दै जानु पर्नेछ । सो धरौटी रकम ठेक्का म्याद समाप्त भएको अर्को आर्थिक बर्षमा कर चुक्ता प्रमाण पत्र पेश गरे पश्चात मात्र फुकुवा हुनेछ ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

६. दरभाउपत्र स्वीकृत भएको तथा नवीकरणको सूचना पाएको मितिले ७ दिन भित्र कबोल अंकको शतप्रतिशत वा ५०% ले हुन आउने रकम यस कार्यालयको आन्तरिक राजस्व खातामा दाखिला गरी, कबोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका बखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै कबोल अंकको शतप्रतिशत बुझाउन नसकि ५०% मात्र बुझाएमा वांकी ५०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ । संझौता गर्दा उक्त दोश्रो किस्ता रकम नगद दाखिला नगरेमा सो बरावरको प्रत्येक अर्को वर्षको श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम अशुल उपर गरिनेछ । यसमा व्यवसायीले कुनै किसिमको हक दावी गर्न पाउने छैन ।

७. ठेक्का कवोल अंकमा प्रत्येक वर्ष ५% का दरले बुद्धि गरी ठेक्का रकम कायम गरिनेछ ।

८. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप-महानगरपालिकामा सुरक्षित रहनेछ ।

९. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्वन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप-महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारले कुनै हक दावी गर्न पाउने छैन ।

१०. कार्यादेश लिएको मिति देखी मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ७ (सात) दिन (श्रावण ७ गते) भित्र ठेक्काको नवीकरण गराई सक्नु पर्नेछ ।

११. कुनै पनि वहानामा अस्थायी चलनपूर्जी दिन कार्यालय वाध्य हुने छैन ।

१२. संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१३. दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१४. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी वा जमानी फुकुवा गरिने छ ।

१५. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

१६. विद्युत सेवा, खानेपानी सेवा, दैनिक सरसफाईको जिम्मा सम्बन्धित ठेकेदारको दायित्व हुनेछ ।

१७. ठेक्का लागेको क्षेत्रमा कानुनद्वारा निषेधित बस्तु तथा सेवाको काम कारवाही, कारोबार, भण्डारण, ओसार पसार तथा आवासको रुपमा प्रयोग गर्न पाईने छैन ।

१८. ठेक्का अवधिभर पार्कको क्षेत्रमा पक्की संरचनाको निर्माण गर्न पाईनेछैन । तर अति आवश्यक निर्माण कार्य गर्नु परेमा यस उप महानगरपालिकाको स्वीकृति लिएर मात्र सम्वन्धित व्यवसायीको लगानीमा गर्न सकिनेछ।

१९. ठेक्कामा लिएको संरचनाको सामान्य मर्मत, सम्भार, रंगरोगन तथा सरसफाई ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

२०. ठेक्का अवधि समाप्त भए पश्चात ठेकेदारले ठेक्कामा लिएको संरचनाको मर्मत, संभार, रंगरोगन र सरसफाइ गरी तुलसीपुर उप महानगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ । यसमा ठेकेदारको अन्य कुनै हकदावी हुने छैन।

२१. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

२२. यो ठेक्का संझौता भएको दिन देखि लागु हुनेछ । ठेक्का अवधि आव २०८४।०८५ को आषाढ मसान्त सम्म कायम हुनेछ ।

२३. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली संशोधन सहित र अन्य प्रचलित कानून वमोजिम हुनेछ ।